"शिक्षा, स्वास्थ्य कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### कोशी प्रदेश, तेह्रथुम

सु.नं. : १५५

फोन नं ०२६-४२००९९

छथर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शुक्रवार, तेह्रथुम
कोशी प्रदेश, नेपाल

मिति : २०८०।०२।१८

## ज्येष्ठ नागरिक एकल पुरुष सम्मान कार्यक्रम सम्बन्धी सूचना ।

छथर गाउँकार्यपालिकाको कार्यालयको चालु आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम जेष्ठ नागरिक एकल पुरुष सम्मान कार्यक्रम सञ्चालन गर्नका लागि यस छथर गाउँपालिका भित्र बसोवास गर्ने "ज्येष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि- २०७८" बमोजिम योग्यता पुगेका व्यक्तिहरुलाई ७ दिन भित्र आफ्नो वडा कार्यालयमा गई आवेदन फारम आवेदन फारम भर्नुहुन सूचित गरिन्छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. बसाई सरी आएकाहरुको हकमा बसाईंसराई दर्ताको प्रमाणपत्रको प्रतिलिपी

३. श्रीमतीको मृत्यु भई एकल भएकाहरुको हकमा श्रीमतीको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपी वा सम्बन्ध विच्छेद गरेकाहरुको हकमा सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपी वा कुनै कारणले न्यायिक पृथकीकरण गरी बसेकाहरुको हकमा अदालतको फैसलाको प्रतिलिपी वा विवाह नगरी बसेकाहरुको हकमा वडा कार्यालयको सिफारिस पत्र ।

४. कार्यविधिको दफा ७ को उपदफा (ग) बमोजिमको अनुसूची-२ स्वघोषणाको पत्र ।

थप जानकारीका लागि आफ्नो वडा कार्यालय वा समाजिक सुरक्षा तथा पञ्जीकरण सेवा ईकाइ, छथर गाउँपालिकामा सम्पर्क राख्न सकिने छ ।

गुणराज बानियाँ
नेमित्त प्रमुख प्रशासकीय अधिकृत